७० औं बैठक

आज मिति २०७७ साल जेठ ३२ गते आईतबारका दिन विहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग्ज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एवम् सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

<u>अन्य उपस्थिती :</u>

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल , प्रशासन शाखा प्रमुख

श्री. कोपिला पौडेल, आं.प्र. शाखा प्रमुख

श्री रामचन्द्र सुवेदी, राजश्व शाखा प्रमुख

Scanned with CamScanner

निर्णय नं. १ :

शुक्लागण्डकी नगरपालिकाको सातौं नगर सभा तथा आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम तय गर्ने सन्दर्भमा नगर सभा पूर्वतयारी एवं संचालनका लागि देहाय बमोजिम कार्यतालिका तय गर्ने,

| क्र.सं. | बैठक | मिति |
|---|---|---|
| १ | कार्यपालिकाको बैठक | २०७७ आषाढ ८ गते |
| २ | नीति कार्यक्रम तथा बजेट प्रस्तुत | २०७७ आषाढ १० गते |
| ३ | नगरसभा(बन्द सत्र) | २०७७ आषाढ ~~२[illegible] गते~~ २६ गते |

निर्णय नं. २ :

जि.पी.कोईराला राष्ट्रिय श्वासप्रश्वास केन्द्र, शु.न.पा. ५ मा उपचारत कोभिड-१९ बाट संक्रमित र क्वारेन्टाईनमा रहेका बिरामीको मृत्यु भएको खण्डमा शव दहनका लागि शु.न.पा. वडा नं. ४ र ५ को सिमानामा रहेको सेतीनदीको किनारको कसेरी घाट क्षेत्रलाई तोक्ने र अन्य स्थानमा कोरोना संक्रमणका कारण मृत्यु भएको अवस्थामा सम्बन्धित वडाले उपयुक्त स्थानमा शव व्यवस्थापनगर्ने ।

निर्णय नं. ३ :

तनहुँ जिल्लामा रहेका सबै स्थानीय तहहरुको संयुक्त लगानी साझेदारीमा जि.पि. स्वासप्रश्वास केन्द्रमा पि.सि.आर. मेसिन खरिद गर्ने र सोको व्यवस्थापनमा लाग्ने रकम मध्ये दामासाहीमा यस नगरपालिकाको अंशमा परेको रकम व्यहोर्ने ।

निर्णय नं. ४ :

कोभिड-१९ का कारण शुक्लागण्डकी नगरपालिका भित्रका कूल १,२५८ परिवारका लागि छुट राहत प्याकेज वितरण गर्दा खरिद गरिएको राहत सामाग्रीहरुको देहायबमोजिमको खरिद विवरण अनुमोदन गर्ने :

| क्र.सं. | सामाग्री | परिणाम | दर (रु.) | कुल |
|---|---|---|---|---|
| १ | चामल | २१,३३०किलो | ६० | १२,७९,८००.०० |
| २ | दाल | ३,०३३प्याकेट | ११० | ३,३३,६३०.०० |
| ३ | तेल | २०कार्टुन६प्याकेट | १६० | ३२,९६०.०० |
| ४ | आयो नुन | २,२१०प्याकेट | २० | ४४,२००.०० |
| ५ | लाइफ ब्वाई साबुन | १,१५९वटा | ३० | ३३,४९५.०० |
| जम्मा | | | | १७,२४,०८५.०० |

प्रमुख

Scanned with CamScanner

निर्णय नं. ५ :

संघीय सरकारअन्तर्गत आ.व. ०७६।७७ का लागि विनियोजन भएको नविकरणीय उर्जा अन्तर्गतको सशर्त रकम मध्येबाट शु.न.पा. भित्रका सबै आधारभूत सेवा केन्द्रको परिसरमा सौर्यबत्ती सम्बन्धित वडा कार्यालय मार्फत खरिद गरी जडान गर्ने ।

निर्णय नं. ६ :

मिति २०७६/४/२० को बोर्डबैठकको निर्णय नं. ५ बमोजिम वडा नं. ११ को नाम्सीकोट खानेपानी योजनालाई क्रमागत योजनाको रुपमा रु २९,०४,७४४।०० रकम विनियोजन गरिएकोमा हाल सो रकम SUTRA मा समावेश भएको नदेखिएको हुदा भुक्तानीका लागि समस्या भरेकाले उक्त रकम नगरपालिकाको चालु आ.व. को प्रदेश तथा जि.स.स.सँग साझेदारी शिर्षक अन्तर्गत यस नपाको श्रोतबाट भुक्तानी गर्ने गरी विनियोजन गर्ने ।

निर्णय नं. ७ :

वडा नं. ११ वडा कार्यालय भवन निर्माण कार्य गत आ.व.मा नै सम्पन्न भै सेवा प्रवाह सुचारु भैसकेको अवस्थामा उक्त भवन निर्माण गर्दा योजना सम्झौताभन्दा थप आवश्यक काम भएकोमा प्राविधिक लगत ईष्टिमेट बमोजिमको रकम आन्तरिक आयबाट व्यहोर्ने गरी विनियोजन गर्ने ।

निर्णय नं. ८ :

शु.न.पा. वडा नं. ४ र ८ जोडने सेती नदीको काठे पुल मर्मतका लागि ल.ई. अनुसार रु. १४ लाख रकम आवश्यक पर्नेमा विनियोजित रु. १० लाख रकम र उपभोक्ताबाट व्यहोर्ने रु. १ लाख रकमबाट नपुग हुने रु. ३ लाख रुपैया आन्तरिक श्रोतबाट विनियोजन गरी उपभोक्ता समितिबाट कार्य गराउने ।

प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं ९ :

फोहोरमैला व्यवस्थापनको टेण्डर प्रक्रियाका विषय शुरुदेखि हालसम्म भएका सम्पुर्ण विषय अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्न विपद व्यवस्थापन समितिलाई जिम्मेवारी दिने ।

निर्णय नं. १० :

यस नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको शुरु तलब स्केलबाट मा.वि., नि.मा.वि. र प्रा.वि. तहमा कार्यरत अधिकृतस्तर तलब सुविधा पाउने शिक्षकको हकमा ५ दिन र सहायक स्तरको तलब सुविधा पाउने शिक्षकको हकमा ३ दिन बराबरले हुन आउने रकम कट्टी गरी राहत कोषमा दाखिला गर्ने ।

निर्णय नं. ११ :

शु.न.पा. वडा नं. ५ बेलचौतारामा स्थापना गरिने कृषि उपज संकलन केन्द्र निर्माणको कार्य डिपिआर बमोजिम हाल उपलब्ध भएको रकम बमोजिम ल.ई. गरी उपभोक्ता समिति मार्फत गराउने । उक्त योजना नगरको गौरवको योजना भएकोले सो कार्य गर्दा उपभोक्ताबाट नगद सहभागिता हुन नसक्ने भएको हुदा सो वापतको रकम नगरपालिकाको आन्तरिक श्रोतबाट भुक्तान गर्ने ।

निर्णय नं. १२:

वडास्तरिय बजेटबाट शु.न.पा. वडा नं. ८ र १० मा रहेका सडकका नाला सफा सफा गर्नका लागि दैनिक डोर हाजिरमा वडा कार्यालय मार्फत काममा लगाइएका श्रमिकहरुको ज्याला रकम सम्वन्धित वडा बजेटबाट भुक्तान गर्ने ।

निर्णय नं. १३:

बन्दाबन्दीको समयमा नेपाल सरकार एवं जिल्ला प्रशासन कार्यालय, तनहुँबाट जारी गरिएको सूचना अनुसार नगर क्षेत्रका पसलहरु सामाजिक दुरी कायम गरी सुरक्षाको व्यवस्था मिलाई व्यापार व्यवसाय गर्न लगाउने ।

प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. १४ :

नगरपालिकाले आफ्नो स्वामित्वमा रहीभाडामा लगाएका सटरहरुका चालु आ.व. ०७६/७७ मा थप डेढ महिनाको हुन आउने मासिक भाडा दर बन्दाबन्दीको समयलाई मध्यनजर गरी छुट गर्ने र २०७७ साल असार १ गतेदेखि सटर खुला गरी व्यापार व्यवसाय गर्न अनुमति दिने ।

निर्णय नं. १५ :

प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि देहायका वडालाई पेश भए बमोजिमको कार्यक्रमका लागि देहाए बमोजिमको रकम स्वीकृत गर्ने :

–शु.न.पा. वडा नं. १ शहिद लालध्वज मोटरमार्ग मर्मतका लागि रु. ७ लाख
–शु.न.पा. वडा नं. १ काठेपिपल अर्चले फेदी मोटरमार्ग मर्मतका लागि रु. ३ लाख
–शु.न.पा. वडा नं. २ मनकौरी मोटरमार्ग मर्मतका लागि रु. २ लाख
–शु.न.पा. वडा नं. १० ग्रामिण सडक मर्मतका लागि रु. १ लाख
–शु.न.पा वडा नं. ४ हेल्थ पोष्ट टोलको नाला सफा गर्ने कार्यका लागि रु. १ लाख
–शु.न.पा वडा नं. ८ डाडा जाने सिढी बाटो निर्माणका लागि रु २ लाख
–शु.न.पा वडा नं. ९ साउन कुना कुलो निर्माणका लागि रु १ लाख

निर्णय नं. १६ :

प्राप्त निवेदनका आधारमा देहायका प्रकोप पिडीतहरुलाई प्रकोप व्यवस्थापन कोषबाट राहत रकम उपलब्ध गराउने :

क) शु.न.पा. वडा नं. ६ स्थित नानुमाया परियार, रु. १५,०००।-
ख) शु.न.पा. वडा नं. १ निवासी जोहर अलि मिया,रु १५,०००।–
ख) शु.न.पा. वडा नं. १ देवी गुरुङ्ग, रु. १५,०००।-
ग) शु.न.पा. वडा नं. ११ निवासी गोबिन्द बहादुर आलेको विधुतको करेन्ट लागि मृत्यु भएको हुदा नावालकको पालन पोषणका लागि निजका अविभावक र बालबच्चाको नाममा संयुक्त बैंक खाता खोली सो खातामा रकम जम्मा गर्ने गरी रु. १ लाख आर्थिक सहायता गर्ने । सो रकम बैंक दाखिला गर्ने व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित वडाध्यक्षलाई प्रदान गर्ने ।

प्रमुख

Scanned with CamScanner

निर्णय नं.१७ :

नगरपालिकाको चालु आ.व. ०७६/०७७ का लागि स्थानीय उत्पादन शुल्कका लागि संझौता गरिएको श्री समुद्र कन्सट्रक्सनलाई बन्दाबन्दीको कारणले गर्दा असर परेको हुदा आगामी आ.ब.को २०७७ श्रावण महिनाका लागि समय थप स्थानीय उत्पादन शुल्क उठाउने अनुमति प्रदान गर्ने ।

निर्णय नं. १८ :

कोभिड-१९ का कारण अत्यावश्यक भएका १०० पिपिइ सेट, १०० र २०० मि.लि.को ७०० पिस स्यानीटाइजर, ५००० पिस सर्जिकल मास्क, एन ९५ मास्क २५० पिस, ग्लोभ्स २५० बक्स, थर्मल गन ८ वटा, ब्याट्री ५०० पिस, सावन र गमबुट स्वास्थ्य सामाग्रीहरु खरिद गर्दा लागेको रकम रु १०,६४,८५३।- अनुमोदन गरी कोरोना कोषबाट भूक्तान गर्ने ।

निर्णय नं. १९ :

शु.न.पा वडा नं. ५ अकला टोल नाला निर्माणका लागि चालु आ.ब. मा वातावरण तथा विपद् व्यवस्थापन शिर्षकअन्तर्गत विनीयोजन गरिएको रकममध्येबाट रु १ लाख विनियोजन गर्ने ।

निर्णय नं.२० :

शु.न.पा. वडा नं. १० को छब्दी मा.वि.मा योङ लिभिङ फाउन्डेसनले बनाएको भवनको दोस्रो तलामा ट्रसको सट्टामा ढलान गर्दा लागेको रकम प्राविधिक नापजाँच गरी वडास्तरिय बजेटबाट (नं. १९ को छब्दी मा.वि. सुधार कार्यक्रम) भूक्तान प्रकिया अघि बढाउने,

शु.न.पा. वडा नं ४, ८ र ९ मा रहेका पञ्चमुनीदेव मा.वि., गाउँ फर्कोदय मा.वि. र तालबेशी मा.वि. मा यस गत आ.व.मा निर्माणका लागि दिइएको रकम कमशः रु. १ करोड ५० लाख, ७ लाख र १६ लाख बाट तत् स्थानमा भएका निर्माण कार्यको अनुगमन समितिबाट अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

प्रमुख

Scanned with CamScanner

निर्णय नं. २१ :

शु.न.पा वडा नं. ८ गणेश टोलमा निर्माणाधीन गणेश मन्दिर र शुक्लामार्ग टोलमा निर्मीत दुर्गामन्दिर निर्माणको लागि सम्बन्धित वडाबाट आवश्यक रकम सिफारिस माग भै आएको हुदा चालु आ.ब.को सामाजिक विकास अन्तर्गत संस्कृति प्रवर्दन शिर्षकबाट रु १ लाखको दरले विनियोजन गर्ने ।

निर्णय नं.२२ :

शु.न.पा. वडा नं. ५ वडा कार्यालयबाट सिफारिस माग भै भए बमोजिम देहायका योजनाको प्राविधिक लगत ईष्टमेट बमोजिमको रकम आन्तरिक आयबाट बेहोर्ने गरी रकम विनियोजन गर्ने :

क) बेल चौतारामा कल्बर्ट हाल्ने कामको लागि रु. १,९८,२८९.२१

ख) झरौटा खोलामा रिटेनिङ पर्खालको लागि रु. ३,९६,६३४.१२

प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner